नेपाल सरकार
संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति

# पिछडिएको समुदाय छात्रवृति सम्वन्धी सूचना

यस समितिको आ.व.२०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल बमोजिमका २६ जिल्लाका तपसिल बमोजिमका २९ जात/जातिका सामुदायिक/सरकारी शिक्षणसंस्थामा अध्ययनरत गरिब तथा जेहेन्दार छात्र/छात्राहरुलाई छात्रबृत्ति प्रदान गरिने हुँदा निम्न बमोजिमको छात्रबृत्तिका निम्ति यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस समितिमा रीतपूर्वक दरखास्त दर्ता गराउनु हुन सम्बन्धित सबै पिछडावर्गका छात्रछात्राहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**छात्रबृत्ति प्रदान गरिने क्षेत्रहरु :-**

१. CMA /ANM/HA/BSC[ag]मा अध्ययनरत छात्र/छात्राहरुको लागि नगद छात्रवृत्ति।

**दरखास्तको लागि न्यूनतम योग्यताः**

१) सम्बन्धित विद्यार्थीको एस.एल.सी/एस.ई.ई. उच्च माध्यमिक तह तथा हाल अध्ययनरत शिक्षण संस्था सामुदायिक/सरकारी हुनुपर्नेछ।

२) पिछडिएको समुदाय उत्थान सम्वन्धी कार्यक्रम लागु भएका जिल्लाहरु - झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कन्चनपुर, कास्की, गोर्खा, उदयपुर, सिन्धुली बाग्लुङ र अर्घाखाँचीका विद्यार्थिले मात्र आवेदन गर्न पाउनेछन्।

३) पिछडिएको समुदाय अन्तरगतका निम्न अनुसारका २९ जातीका विद्यार्थिले मात्र आवेदन गर्न पाउनेछन्।
कुशवाहा, कुर्मी, कुमाहार, कहार, केवट कानु, कमार, कलवार, तेली, नुनिया, बनिया, भेडीभर, माली, मल्लाह, मुसलमान, बरै, यादव, राजभर, राजघोव, रौनियार, लोहार, लोध, सुडी, सैनी, सोनार, हलुवाई, हजाम, अमात, केवरत।